# पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎: ०२१-४६१२४०
इमेल : puoemgt@puexam.edu.np
बेबसाइट : www.puexam.edu.np


प.सं. :
च.नं. : ३६१/०८०/०८१

मिति: वि.सं.: २०८०/१०/२५
AD: 2024/02/08

**श्री क्याम्पस प्रमुखज्यू,**

व्यवस्थापन, विज्ञान तथा प्रविधि एवं ईन्जिनीयरिङ्ग संकाय अन्तर्गत स्नातक तह (Bachelor's Level) का शैक्षिक कार्यक्रम(हरु) सञ्चालन गर्ने यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त सम्पूर्ण क्याम्पस/कलेजहरु

***विषयः नाम-दर्ता (Registration) बारे ।***

उपरोक्त विषयमा, यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष वि.सं. २०८०/०८१ समूह (AD: 2023 Batch) मा व्यवस्थापन, विज्ञान तथा प्रविधि एवं ईन्जिनीयरिङ्ग संकाय अन्तर्गत सञ्चालित स्नातक तह (Bachelor's Level) का विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रथम सेमेस्टरमा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नाम-दर्ता (Registration) गर्न गराउन सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* मा निर्दिष्ट प्रक्रिया अनुसार विश्वविद्यालयद्वारा स्वीकृत सीट संख्या (Quota) भित्र रही यस कार्यालयद्वारा तोकिएको Online Website मार्फत विद्यार्थीहरूको आवश्यक विवरण भरी तथा सम्बन्धित विद्यार्थीहरू मार्फत् तोकिएको रजिस्ट्रेशन फर्म भरी/भराई उक्त निर्देशिका*मा उल्लेख भए अनुसारका प्रमाण-पत्रहरू र आवश्यक शुल्कको बैंक भौचर सहित मिति २०८०/११/२७ (AD: 2024/03/10) गते भित्र सोही निर्देशिका*मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।

पुनश्चः तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीहरूको नियमानुसार लाग्ने शुल्कको दोब्बर शुल्क सहित मिति २०८०/१२/०४ (AD: 2024/03/17) गते भित्र उपरोक्तानुसार (Online Entry समेत गरी) रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको शुल्कको बैंक भौचर सहित उक्त रजिस्ट्रेशन फर्म(हरू) सोही निर्देशिका*मा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्नेछ ।

नोटः रजिस्ट्रेशन फर्महरू विराटनगर स्थित पू.वि., परीक्षा व्यवस्थापन कार्यालय तथा सिनामंगल, काठमाडौं स्थित पू.वि., परीक्षा व्यवस्थापन इकाइ कार्यालय मार्फत् उपलब्ध गराइनेछ । अथवा, यस परीक्षा व्यवस्थापन कार्यालयको website (www.puexam.edu.np) मार्फत् download गरी प्रयोग गर्न सकिनेछ ।

साथै, माथि उल्लेखित सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका* यस परीक्षा व्यवस्थापन कार्यालयको website (www.puexam.edu.np) मार्फत् उपलब्ध गर्न सकिनेछ ।

नाम-दर्ता (Registration) सम्बन्धी आवश्यक सोधपुछका लागि यस कार्यालयको फोन नं. ०२१- ४६४५०२ मा सम्पर्क गर्न सकिनेछ ।

.....................................
बालेन्दु हमाल
(परीक्षा नियन्त्रक)